# नेपाल गजेट
## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं चैत्र १५ गते २०१६ साल

श्री ५ को सरकार

### कानून मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको नेपाल न्याय सेवा (गठन) (दोस्रो संशोधन) नियमहरू, २०१६ सर्व साधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

नेपाल न्याय सेवा (गठन) नियमहरू, २०१३ (यस पछि मूल नियम भनिएको) मा केही संशोधन गर्नु परेकोले श्री ५ को सरकारले नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी यी नियमहरू बनाएको छः––

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम नेपाल न्याय सेवा (गठन) (दोस्रो संशोधन) नियमहरू, २०१६ रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमको नियम ३ मा संशोधनः– मूल नियमको नियम ३ को सट्टा निम्न लिखित नियम ३ राखिएको छ :––

३. (१) न्याय सेवामा क श्रेणी, ख श्रेणी र ग श्रेणी गरी जम्मा तीन श्रेणीहरू हुनेछन् ।

(२) न्याय सेवाका श्रेणीहरूमा श्री ५ को सरकारले तोके बमोजिमको संख्या र प्रकारका पदहरू रहने छन् । त्यस्ता पदहरू मध्ये केही अस्थायी पदहरू पनि हुन सक्दछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमको नियम ४ मा संशोधनः— मल नियमको नियम ४ को उपनियम (२) को प्रतिवन्धात्मक वाक्यांश खारेज गरिएको छ ।

४. मूल नियमको नियम ६ मा संशोधनः— मूल नियमको नियम ६ को सट्टा निम्न लिखित नियम ६ राखिएको छः—

६. नियम ४ र ५ बमोजिम हुने बाहेक न्याय सेवाका विभिन्न श्रेणीका पदहरूमा यस पछिका नियमहरू अनुसार नियुक्ति गर्नका लागि सिफारिश गरिने छ ।

५. मूल नियमको नियम १२ मा संशोधनः— (१) मूल नियमको नियम १२ को—

(१) उपनियम (१) मा रहेको 'सिनियर श्रेणी वा जुनियर श्रेणी' भन्ने शब्दहरूको सट्टा 'क' श्रेणी वा 'ख' श्रेणी वा 'ग' श्रेणी भन्ने शब्दहरू राखिएको छ ।

(२) उपनियम (२) मा रहेको 'जुनियर श्रेणी' भन्ने शब्दहरूको सट्टा 'ग श्रेणी' भन्ने शब्दहरू राखिएको छ ।

(३) उपनियम (२) पछि निम्न लिखित उपनियम (३) थपिएको छः—

(३) नियम ८ को उपनियम (२) बमोजिम विवरणपत्र पेश गर्ने र नियम १० बमोजिम लिखित परीक्षामा बस्न नपाएका तर न्याय सेवाको प्रारम्भिक गठन शुरू हुँदा नियम ८ को उपनियम (१) बमोजिम सेवाको अवधि पुगेको कुनै कर्मचारीको काम, शैक्षिक योग्यता, आचरण, अनुभव, दक्षताको विचार-बाट न्याय सेवामा नियुक्तिको लागि योग्य छ भन्ने समितिलाई लागेमा समिति-ले सविवरण सिफारिश गर्न सक्ने छ ।

६. मूल नियमको नियम १३ मा संशोधनः— मूल नियमको नियम १३ को सट्टा निम्न लिखित नियम १३ राखिएको छः—

१३. हरएक श्रेणीका अफिसरहरूको आपसमा सिनियोरिटी निजहरूले सो पदमा नियुक्ति पाएका मितिको हिसावले छुट्टचाई नियम ९ बमोजिम पाएका वा पाउन सक्ने नम्बर अनुसार श्री ५ को सरकारबाट निर्धारित गरिने छ ।

७. मूल नियमको नियम १४ मा संशोधनः— मल नियमको नियम १४ को सट्टा निम्न लिखित नियम १४ राखिएको छः—

१४. यी नियमहरू बमोजिम न्याय सेवाको गठन समाप्त भएपछि सो भएको सूचना श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित गर्नेछ र त्यसरी सूचना प्रकाश भए उप्रान्त नेपाल निजामती सेवा ऐन, २०१३ अन्तर्गत बनेको न्याय सेवा भर्ना प्रमोशन नियमहरू बमोजिम बाहेक कसैलाई पनि न्याय सेवामा भर्ना गर्न वा स्थायी प्रमोशन दिन हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल नियममा थप्ने:— मूल नियमको नियम १६ पछि निम्नलिखित नियम १७ थपिएको छ:–

१७. नियम ५ बमोजिम अभ्यास अवधि तोकिएमा बाहेक यी नियमहरू बमोजिम न्याय सेवामा नियुक्त गरिएका व्यक्तिहरू एक वर्षको परिक्षण कालमा राखिने छ र सो अवधिमा निजहरूको काम सन्तोष प्रद नभएमा सेवाबाट हटाउन सकिने छन् ।

९. मूल नियम बमोजिमको श्रेणीमा परेका पद:— यी नियमहरू प्रारम्भ हुनु भन्दा अगावै मूल नियम बमोजिम न्याय सेवा को सिनियर श्रेणीमा नियुक्त भएका कर्मचारीको पद सो सेवाको क श्रेणीमा र जुनियर श्रेणीमा नियुक्तभएका कर्मचारी मध्ये श्री ५ को सरकारका उपसचिव र गभर्नमेण्ट एडभोकेटको पद सो सेवाको ख. श्रेणीमा र बाँकी कर्मचारीको पद सो सेवाको ग. श्रेणीमा तोकिएको छ ।

आज्ञाले,
कृष्णप्रसाद उपाध्याय
श्री ५ को सरकारका का. मु. सचिव,
कानून मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार

८८९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

८१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।